# मकवानपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मकवानपुरगढी, मकवानपुर
## ३ नं. प्रदेश नेपाल

प.सं. : ०७५/७६ (कृषि विकास शाखा)

## प्लाष्टिक टनेल/नेट हाउस निर्माण कार्यक्रम संचालन सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति : २०७५/१०/१५)**

मकवानपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मकवानपुगढीको आ.व. ०७५/७६ को स्वीकृत वडास्तरीय बाँडफाँड कार्यक्रम अनुसार कृषि विकास कार्यक्रम तर्फ प्लाष्टिक टनेल/नेट हाउस निर्माण कार्यक्रम संचालन गर्नुपर्ने भएकोले मकवानपुरगढी गाउँपालिका वडा नं ६ भित्रका ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र मकवानपुरगढी गाउँपालिका ६ नं. वडा कार्यालय, डुम्रेकुनामा निवेदन दर्ता गर्न हुन जानकारी गराईन्छ ।

**शर्तहरु :**

१ सामूहिक (चक्लाबन्दी) योजनालाई विशेष प्राथमिकता दिईनेछ ।
२ टनेल/नेट हाउस कम्तीमा ३०० वर्गमीटर क्षेत्रफलमा निर्माण गर्नुपर्ने ।
३. टनेल/नेट हाउसको स्ट्रक्चर स्वयं निर्माण गर्नुपर्ने ।
४. स्थायी (फलामको) स्ट्रक्चर बनाउनेलाई प्राथमिकता दिईनेछ ।
५. थप योजना विस्तार (टनेल/नेट हाउस भित्र खेती गरिरहेको) लाई प्राथमिकता दिईनेछ ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. कृषक समूह/सहकारी/कृषि फर्मको दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी ।
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३ कृषक समूह/सहकारीको बैठकको निर्णयको प्रतिलिपी ।
४. स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. टनेल/नेट हाउस निर्माण गर्ने जग्गाको लालपूर्जाको प्रतिलिपी ।

चन्द्रकान्त चौधरी
कृषि संयोजक

..............................
(भिम बहादुर परियार)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत